प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

# मिति २०७९ साल जेठ ५ गते बसेको सचिव बैठकको निर्णयहरू:-

१. मिति २०७९।१।५ गतेको सचिव बैठकका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरियो।

२. मन्त्रालय/निकायहरूको चालु आर्थिक वर्षको वार्षिक विकास कार्यक्रम कार्ययोजना अनुसार हालसम्म भएगरेका कार्यक्रमहरूको प्रगति प्रस्तुत गरियो।

३. आगामी आ.व.२०७९/०८० को वार्षिक नीति तथा कार्यक्रमका लागि मन्त्रालय/निकायबाट प्राप्त हुन आएका विवरण उपर छलफल गरियो।

४. आगामी आ.व.२०७९/०८० को बजेटको प्राथमिकता र सिद्धान्त सम्बन्धी विषयमा अर्थ मन्त्रालयबाट प्राप्त मस्यौदामा सबै मन्त्रालय/निकायहरूले आफ्नो राय/सुझाव अविलम्ब उपलब्ध गराउने।

५. सवारी साधनको मापदण्ड सम्बन्धी अध्ययन प्रतिवेदन, २०७८ को सुझाव बमोजिम मन्त्रालयहरूले आगामी आ.व. बाट बजेट निर्माण गर्दा माननीय मन्त्रीहरूको दैनिक भ्रमण भत्ता र इन्धन सुविधा सम्बन्धित मन्त्रालयलबाट नै भुक्तानी हुने गरी बजेट पेश गर्ने।

६. आगामी आ.व. २०७९/०८० को लागि अनिवार्य दायित्वमा रहेका कार्यक्रमहरूको लागि आवश्यक बजेट रकम सम्बन्धित मन्त्रालय/निकायले ७ दिनभित्र अर्थ मन्त्रालयमा लेखी पठाउने।

७. स्थानीय तह निर्वाचनको सिलसिलामा खटिइ निर्वाचनलाई सफल पार्न सहयोग गर्ने कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिने।

८. २०७९ जेठ १५ गते परेको गणतन्त्र दिवस मनाउने सम्बन्धमा आन्तरिक मामिला मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।

प्रमुख सचिव